# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५५२ मिति :- २०६७/९/१२

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” तथा राष्ट्रिय स्तरका “ख” बर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- चाँदी आयात सम्बन्धमा ।

महाशय,

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट चाँदीको आयातमा कुनै किसिमको नियन्त्रण नगर्ने निर्णय भएकोले सुन चाँदीको कारोबार तथा आयात निर्यात गर्न विधिवत दर्ता भएका/इजाजत लिएका नेपाली सुन चाँदी व्यवसायीहरुले खुला बजार आयात इजाजत (**OGL**) व्यबस्था अनुरुप बैंक ग्यारेण्टी, प्रतीतपत्र, **Stand by** प्रतीतपत्र र ड्राफ्ट / टि.टि.को माध्यमवाट प्रचलित व्यबस्था बमोजिम चाँदी आयात गर्न सकिने व्यबस्था गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रि व्यापार शाखा, सिंहदरबार, काठमाण्डौं ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
११. श्री नेपाल सुन चाँदी व्यवसायी संघ, क्षेत्रपाटी, काठमाण्डौं ।
१२. श्री नेपाल रत्न तथा आभूषण संघ, गणबहाल, काठमाण्डौं ।
१३. श्री नेपाल सुन चाँदी कला व्यवसायी संघ, डिल्लीबजार, काठमाण्डौं ।
१४. श्री नेपाल हस्तकला महासंघ, थापाथली, काठमाण्डौं ।